बैठक नं.

मिति २०८३।०६।१५

समय: ९ : ०० बजे बिहान

स्थान : तिला गाउँपालिका कार्यालय डुण्डेली, जुम्ला ।

यस तिला गाउँपालिका अध्यक्ष श्री मोतीलाल रोकाया ज्यूको अध्यक्षतामा मिति २०८३।०६।१५ गतेका दिन बसेको कार्यापालिका बैठकमा देहायका पदाधिकारी र कर्मचारीहरूको उपस्थितिमा देहायका प्रस्तावहरूमा छलफल गरी देहाय बमोजिमका निर्णयहरू गरियो ।

## तपसिल

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मोतीलाल रोकाया | अध्यक्ष | |
| २ | श्री गोरिकला बुढा | उपाध्यक्ष | |
| ३ | श्री जंग बहादुर बस्नेत | वडा नं. १ वडा अध्यक्ष | |
| ४ | श्री चन्द्र बहादुर बोहरा | वडा नं. २ वडा अध्यक्ष | |
| ५ | श्री तिल प्रसाद भट्टराई | वडा नं. ३ का.वा.वडा अध्यक्ष | |
| ६ | श्री भक्तविर सार्की | वडा नं. ४ वडा अध्यक्ष | |
| ७ | श्री ललित बहादुर शाही | वडा नं. ५ वडा अध्यक्ष | |
| ८ | श्री चल्ली नेपाली | वडा नं. ६ का.वा.वडा अध्यक्ष | |
| ९ | श्री खुम्मीलाल रोकाया | वडा नं. ७ वडा अध्यक्ष | |
| १० | श्री आसे बस्नेत | वडा नं. ८ वडा अध्यक्ष | |
| ११ | श्री धन बहादुर रावत | वडा नं. ९ वडा अध्यक्ष | |
| १२ | श्री धन बहादुर नेपाली | कार्यापलिका सदस्य | |
| १३ | श्री गोरीकला कामी | कार्यपालिका सदस्य | |
| १४ | श्री रामचन्द्र नेपाली | कार्यपालिका सदस्य | |
| १५ | श्री उषा नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री राजकन्या सार्की | कार्यपालिका सदस्य | |
| १७ | श्री विष्णु कुमारी शाही | कार्यपालिका सदस्य | |
| १८ | श्री मिन राज थापा | प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित कर्मचारीहरू | |
| १९ | श्री जग बहादुर बस्नेत | प्रशासकीय अधिकृत | |
| २० | श्री खड्ग बहादुर रावत | प्रशासकीय अधिकृत | |
| २१ | श्री नरेश बहादुर बिष्ट | कम्प्युटर अपरेटर | |
| २२ | | | |

प्रस्ताव नं. १ निर्णय नं. १ माथि छलफल गर्दा वर्षा तथा बाढिका कारण क्षति भएका घरहरू, अन्नबाली र चौपायाको क्षतिको मुचुल्का सहित पेश हुन आएका निवेदनका आधारमा तुरुन्त अनुगमन गरि क्षतिको अवस्था हेरी कार्यविधि अनुसार राहत उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं. २ निर्णय नं. २ माथि छलफल गर्दा तपसिल बमोजिका कार्यविधि सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो।

तपसिल

१. तिला गाउँपालिकाको मर्मत सम्भार कोष संचालन कार्यविधि- २०८३
२. घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र जारी, नविकरण र खारेजी- २०८३

प्रस्ताव नं. ३ निर्णय नं. ३ माथि छलफल गर्दा मिति २०८३।०६।०९ देखि ११ सम्म परेको अविरल वर्षाले तिला गाउँपालिका देखि वडा सम्म जोडिएका सडकहरूलाई क्षेत विच्छेद गरि तत्काल मर्मत गर्नुपर्ने भएकोले सम्बन्धित वडाका प्राविधिकहरूलाई खटाई लागत इष्टमेटका आधारमा तपसिलका सडक मर्मत गर्ने निर्णय पारित गरियो।

१. कुडारी देखि थापागाउँ,डुङ्ग्री, सम्म सडक
२. त्रिवेणी देखि दानिबाडा सम्म सडक
३. रारासेरी देखि राँसा सम्म सडक
४. रारासेरी देखि घोडे हुदै सुडी मानेचौर सम्म सडक
५. मानेचौर देखि ढिपु सम्म सडक
६. रारासेरी देखि रारा गाउँ सम्म सडक
७. नुवाकोट गाउँ देखि महादेव हमाले सम्म सडक
८. तुही देखि घोडेसिम सडक

प्रस्ताव नं. ४ निर्णय नं. ४ माथि छलफल गर्दा तिला गाउँपालिकाको क्रिकेट खेलाडीहरूलाई क्रिकेट खेल खेल्न आवश्यक सामग्री उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं. ५ निर्णय नं. ५ माथि छलफल गर्दा यस तिला गाउँपालिकाको तपसिल बमोजिमको खरिद समिति रहने गरि खरिद ऐन २०६३, खरिद नियमावली २०६४ बमोजिम तपसिल बमोजिमको खरिद इकाई समिति गठन गर्ने निर्णय गरियो।
तपसिल

| | |
|---|---|
| १. जग बहादुर बस्नेत प्रशासकीय अधिकृत | - संयोजक |
| २. बिरेन्द्र हमाल | - सदस्य |
| ३. सर्पानन्द उपाध्याय | - सदस्य |
| ४. विषयगत शाखाहरू सदस्य | - सदस्य |
| ५. मुन बहादुर रावत जिन्सी शाखा प्रमुख | - सदस्य-सचिव |

प्रस्ताव नं. ६ निर्णय नं. ६ माथि छलफल गर्दा यस तिला गाउँपालिकामा मुल्यांकन समिति तपसिल बमोजिमको रहने गरि खरिद ऐन २०६३, खरिद नियमावली २०६४ बमोजिम तपसिल बमोजिमको मूल्यांकन समिति गठन गर्ने निर्णय गरियो।
तपसिल

१. सुरेन्द्र सिह साउद ईन्जिनियर सातौँ - संयोजक

२. सर्पानन्द उपाध्याय लेखा अधिकृत - सदस्य

३. जित बहादुर सिह - सदस्य

४. नरेश बहादुर बिष्ट कम्प्युटर अपरेटर - सदस्य

५. धिरेन्द्र विक्रम थापा योजना शाखा - सदस्य

६. जग बहादुर बस्नेत प्रशासकीय अधिकृत सदस्य-सचिव

प्रस्ताव नं. ७ निर्णय नं. ७ माथि छलफल गर्दा साविक गाउँविकास समितिबाट नियुक्ति भई उमेर हदका अनिवार्य अवकाशमा गएका सहायक स्तर तृतीय मुखिया श्री रतिमान रावत र कार्यालय सहयोगी श्री कलीमान बोहोरालाई यस तिला गाउँपालिकाको आ.व. २०८२।०८३ को गाउँसभाबाट आ.व. २०८३।०८४ का लागि विनियोजन भएको रकम रु.२००००००।( बीस लाख ) मध्येबाट हाल सहायक स्तर तृतीय श्री रतिमान रावतलाई रु. ५५००००। (पाँच लाख पचास हजार) र कार्यालय सहयोगी श्री कलिमान बोहोरालाई रु. ४५००००। (चार लाख पचास हजार) रकम भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ८ निर्णय नं. ८ माथि छलफल गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेलो सरकार टिकट नं. HS-WEB-185151-EC २०८३ भदौ २० निराजन गौतमको घर अगाडी रहेको दत्त गरीको टहरा हटाउन गुनासो दर्ता गरेको उक्त गुनासो यस कार्यालयलाई ताकेता गरेकोमा सो टहरा सडकको क्षेत्राधिकार भित्र पर्ने भएकाले टहरा हटाउन सडक डिभिजन कार्यालय जुम्लालाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ निर्णय नं. ९ माथि छलफल गर्दा उच्च अदालत सुर्खेत, जुम्ला इजलासको आदेश अनुसार जुम्ला जिल्ला अदालतमा फिराद गर्दा दाखिला गरेको अदालती शुल्क तथा उच्च अदालत सुर्खेत जुम्ला इजलासमा पुनरावेदन गर्दा राखेको अदालती शुल्क रु. ७३,४०० (अक्षेरुपी त्रीहत्तर हजार चार सय) उपभोक्ता समितिलाई फिर्ता गर्ने निर्णय गरियो ।